# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या :१ गाउँकार्यपालिकाबाट पारित मितिः २०८२।०१।२२

# भाग-२

## सिस्ने गाउँपालिकाको उपभोक्ता समितिलाई निर्माण पूर्व र निर्माण पश्चात अभिमूखिकरण तालिम संचालन निर्देशिका, २०८२

### प्रस्तावनाः

लुम्बिनी प्रदेश, रुकुम (पुर्वी भाग ) जिल्ला अन्तर्गत अवस्थित सिस्ने गाउँपालिका भौगोलिक विकटता, गरिवी, अशिक्षा, बेरोजगारी, सामाजिक तथा आर्थिक समस्या, कमजोर स्वास्थ्य सेवा प्रवाह हुनुका साथै जलवायु परिवर्तनका दृष्टिकोणले अति संवेदनशिल मानिन्छ । यहाँ संतुलित, समावेशी तथा दिगो विकासको कमिका कारण यस गाउँपालिका समग्र विकासको मापदण्ड तथा मानव विकास सूचांकमा पछि परेको छ। कृषिमा प्रर्याप्त लगानी तथा प्रविधिको कमिका कारण खाद्य उत्पादनमा दैनिक ह्रास आएको छ । यसका साथै जलवायू मैत्री स्थानीय भौतिक पूर्वाधारको निर्माणको कार्य नहुँदा वातावरण विनाश हुँदै जाँदा एकातिर खाद्य असुरक्षा बढ्दै गएको छ भने अर्को तर्फ रोजगारीको अवसरबाट गरीब समुदाय बन्चित भएको पाईन्छ । उपभोक्ता समितिबाट निर्माण हुने

स्थानीय पूर्वाधार विकास निर्माणका कार्यहरु पनि स्तरीय मापदण्डको कमि तथा उचित प्रयोग हुन नसक्दा प्रभावकारी तथा दीगो व्यवस्थापन हुन सकेको छैन, जसले पालिकाको वार्षिक श्रोत तथा साधनको समुचित प्रयोग गर्न सकेको छैन । तर्सथ, यस पालिकाले संचालन गर्ने स्थानीय पूर्वाधार निर्माणका कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न, निर्माण कार्यमा हेभी औजार तथा मेशिनको प्रयोगलाई दुरुत्शाहित गर्न तथा स्थानीय समुदायमा रोजगारी सृजना गर्नका लागि उपभोक्ता समितिका पदाधिकारीहरु तथा लाभग्राहीलाई निर्माण पूर्व तथा निर्माण पश्चात अभिमूखिकरण तालिम संचालन गर्दा निर्माण कार्य प्रभावकारी तथा दीगो हुने अपेक्षाका साथ यो निर्देशिका गाउँपालिकाले निर्माण तथा कार्यान्वयनमा ल्याएको छ ।

१. लक्ष्य

स्थानीय पूर्वाधार विकास निर्माणका माध्ययमबाट स्थानीय समुदायको जिविकोपार्जन, रोजगारी सृजना, प्राकृतिक स्रोतको सुदृढ व्यवस्थापन, जलवायु संकटासन्न तथा खाद्य असुरक्षित गरीब घरपरिवारको अनुकूलन क्षमता अभिवृद्धि गरी स्थानीय पूर्वाधार विकासमा सुशासन तथा पारदर्शिता ल्याई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. उद्देश्य:

- स्थानीय पूर्वाधार विकासका आयोजना सञ्चालन तथा व्यवस्थापनका लागि पूर्ववतरुपमा आवश्यक पर्ने ज्ञान, सीप र अवधारणाका बारेमा जानकारी उपलब्ध गराउने ।
- स्थानीय पूर्वाधार विकासका आयोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र अवधारणाको विकास गरी आयोजनाको दिगो सञ्चालनका लागि सघाउ पुर्याउने ।
- स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको गुणस्तर कायम राख्न गर्नुपर्ने आवश्यक कार्यहरुबारे उपभोक्ताहरुलाई जानकारी उपलब्ध गराउने ।
- स्थानीय पूर्वाधार विकासका आयोजना सञ्चालनार्थ प्रयोग हुने स्थानीय तथा बाह्य गैर खाद्य सामाग्रीको गुणस्तर मापनका विधि तथा तरीकाबारे उपभोक्तालाई जानकारी उपलब्ध गराउने ।
- स्थानीय पूर्वाधार विकास आयोजनाहरुको सञ्चालन पूर्व तथा सम्पन्न पश्चात गर्नुपर्ने प्रक्रियागत अभिलेखिकरणका बारेमा उपभोक्ताहरुलाई जानकारी उपलब्ध गराउने ।

३. लक्षित वर्ग: गाउँपालिकाबाट वार्षिक रुपमा कार्यान्वय हुने स्थानीय पूर्वाधार विकास निर्माणका आयोजनाहरुसँग सम्बन्धित उपभोक्ता वा लाभग्राहीहरु लक्षित वर्गको रुपमा रहने छन यसको अलवा गाउँपालिकाले विभिन्न दातृ निकाय, संघ संस्था वा प्राईभेट कम्पनीसँगको साझेदार तथा सहकार्यमा कार्यान्वयन गरेका स्थानीय पूर्वाधार विकासका आयोजनाहरुमा संलग्न उपभोक्ता वा लाभग्राही समेत यस निर्देशिका बमोजिम लक्षित वर्गको रुपमा रहने छन् ।

४. जिम्मेवारी तथा भूमिकाः यस निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नका लागि निम्न निकाय तथा संस्थाको जिम्मेवारी रहने छ।

५.१ स्थानीय सरकार

- स्थानीय पूर्वाधार विकासका आयोजनाहरु छनौट गर्दा स्थानीय सरकार संचालन ऐन २०७४, तथा स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०८१ को परिधि भित्र रहेर छनौट, प्राथमिकिकरण, बजेट व्यवस्थापन तथा कार्यान्वयन गर्ने।
- स्थानीय सरकारको नीति, प्राथमिकता तथा योजना प्रकृयासँग स्थानीय पूर्वाधार विकास आयोजना तथा क्रियाकलापहरु आवद्ध गर्दै कार्यान्वयनको प्रभावकारीता सुनिश्चित गर्ने।
- स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको नियमित समिक्षा, अनुगमन तथा समन्वय गर्ने र एकिकृत रुपमा विभिन्न निकायको श्रोतहरुलाई परिचालन गर्ने ।
- स्थानीय पूर्वाधार विकासका आयोजनाहरु तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा स्थानीय सामाजिक संस्था, निजी क्षेत्र, समुदायका उपभोक्ता समिति, समुदायमा आधारित संस्था, बिभिन्न जातजाती, अनुसन्धान तथा शैक्षिक संस्थाहरुसंग परामर्श, समन्वय, सहकार्य तथा साझेदारी गर्ने।
- स्थानीय पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्दा दोहोरो नपर्ने गरी संचालन गर्ने साथै जलवायु परिवर्तन, खाद्य सुरक्षा, रोजगारी सृजना, शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रमा सुधार ल्याउने आयोजनाहरुको कार्यान्वयन गर्ने।
- स्थानीय पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्दा सामाजिक, आर्थिक, वातावरणीय तथा प्राविधिक पक्षलाई अध्ययन तथा विश्लेषण गरी उपयुक्त आयोजनालाई मात्र कार्यान्वयन गर्ने।
- स्थानीय पूर्वाधार विकासका आयोजना कार्यान्वयनका लागि आवश्यक कागजातहरु सर्भे, डिजाईन, लगत इस्टिमेट तयार तथा सम्झौता गर्ने।
- स्थानीय पूर्वाधार विकास सुपरिवेक्षण तथा अनुगमन कार्यविधि, २०७९ को परिधि भित्र रहि आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने।
- आयोजनाको प्रतिफल नतिजाको दिगोपनाको लागि मर्मत संभार कोष स्थापना तथा अन्य नीतिगत, कार्यक्रमगत र संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने।
- आवश्यकता अनुसार सम्बन्धित विभाग तथा शाखाहरुलाई उचित नतिजा हासिल गर्न परिचालन गर्ने।
- उपभोक्ता तथा सहभागी कामदारहरूको सुरक्षाको प्रबन्ध गर्ने तथा सुरक्षाका आवश्यक विधि, पद्धति तथा उपायहरूबारे जानकारी गराउने।
- उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनमा सहयोग गर्ने साथै उपभोक्ताहरुलाई लैंगिक तथा सामाजिक सचेतना सम्बन्धि अभिमूखिकरण र उत्तरदायित्वबारे जानकारी

गराउने। गैर खाद्य सामग्रीहरूको व्यवस्थापन गरि गुणस्तरीय गैर खाद्य सामाग्रीहरु उपभोक्ता समिति तथा कामदारहरुलाई उपलब्ध गराउने।

- स्थानीय पूर्वाधार विकासका आयोजनाको प्रभावकारी कार्यान्वयन, सुपरिवेक्षण, प्राविधिक सहायता तथा सहयोग नियमिति रुपमा दिने।
- उपभोक्ता समितिसँग समन्वय तथा सहकार्य गरि स्थानीय पूर्वाधार विकासका आयेजनाको प्रगति समिक्षा समय समयमा गर्ने।
- आयोजनाको कार्य सम्पन्न भए पश्चात कामको बिल तयार गरि उपभोकतालाई भुक्तानीको व्यवस्थापन गर्ने।
- सार्वजनिक लेखा परीक्षण तथा आय व्यायको आर्थिक लेखा परिक्षण गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने।
- स्थानीय पूर्वाधार विकासका आयोनजाको दीगो संचालन तथा मर्मत संभारका लागि स्थानीय पूर्वाधार विकास आयोजना मर्मत संभार सहयोग कोष, २०७९ मा व्यवस्था भए बमोजिम बजेट व्यवस्थापन गरि गर्ने।
- उपभोक्ता समितिलाई व्यवस्थापन खर्चको उपलब्धता सुनिश्चित गर्ने। सम्पन्न भएका कामको प्रमाणीकरण गर्ने।

५. २. उपभोक्ता समितिः उपभोक्ता समिति गठन गर्दा सहभागितामुलक विधि अपनाई लाभग्राही वा कामदारहरु मध्यबाट गठन गरिन्छ। यसको गठन प्रकृयामा सामाजिक समावेशीकरण झल्किने जात जाति, धर्म, लिङ्ग आदिलाई समेट्दै निर्णयात्मक पद (अध्यक्ष, कोषाध्यक्ष, सचिव) मा कम्तिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्वलाई सुनिश्चित गर्नु पर्दछ। यसरी गठन गरिएको समितिको काम कर्तव्य तथा अधिकार निम्न लिखित रहेका छन्

- स्थानीय पूर्वाधार निर्माण गर्ने क्रियाकलापहरूमा सहभागी हुने।
- डिजाईन इस्टिमेटमा उल्लेख भए अनुसारको कामको परिमाण तथा श्रमदान गर्नु पर्ने। यसरी काम गर्दा स्थानीय तहको प्राविधिकको सहयोगमा कामदारलाई समुहमा विभाजन गरी कामको बांडफांड गरी संचालन गर्ने।
- गाउँपालिकासँग समन्वय गरि आवश्यक निर्माण सामाग्री, हाते औजार तथा सुरक्षाका सामाग्रीहरुको व्यवस्था गर्ने।
- श्रम, नगद तथा गैर खाद्य सामग्रीहरूको आय व्ययको अभिलेख राख्ने र मासिक रुपमा गाउँपालिकालाई विवरण वा प्रतिवेदन पेश गर्ने।
- स्थानीय तहबाट नगद तथा गैर खाद्य सामग्रीहरू प्राप्त भए पछि निर्माण स्थल सम्म ढुवानी गराउने प्रबन्ध गर्ने तथा प्रभावकारी स्टोर व्यवस्थापन गर्ने।
- लाभग्राहीको बैंक खाता खोल्नमा सहयोग गर्ने।

- कामदारहरुको दैनिक हाजिरी व्यवस्थापन गर्ने तथा नियमित कार्य संचालन गर्ने आवश्यक सहजिकरण तथा सहयोग गर्ने।
- सम्झौता भए अनुरुपको समय तालिका अनुसार सहभागी कामदारहरूलाई ज्याला रकम भुक्तानीका लागि गाउँपालिकासँग समन्वय गर्ने।
- आयोजनाको कम्तीमा दुईपटक सार्वजनिक लेखा परीक्षण सञ्चालन गर्ने।
- सम्पन्न भएका सार्वजनिक सम्पत्तिहरूको सञ्चालन तथा मर्मत सम्भारको योजना बनाउने र उपयुक्त सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्ने।
- सम्झौतामा उल्लेखित शर्त तथा प्रावधानहरूको पूर्ण पालना सुनिश्चित गराउने र समस्याहरू समाधान गर्ने, यदि सम्झौता भए अनुसारको दायित्वहरू पालन नभएको खण्डमा स्थानीय तहलाई जानकारी दिने।
- आयोजनाको प्रगति अनुगमन गर्ने तथा आवश्यक श्रोतहरूको व्यवस्थाको लागि गाउँपालिकालाई सूचना प्रवाह गर्ने।
- आयोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि आवश्यकता अनुसार सहयोग गर्ने।
- स्थानीय स्तरमा देखा परेका समस्याहरु समाधान गर्नमा सहजिकरण तथा सहयोग गर्ने।
- कामको नाप जाँच गर्नमा सहयोग गर्ने।
- आयोजना सम्पन्न प्रतिवेदन तयार गर्ने र गाउँपालिकामा पेश गर्ने।

५. स्थानीय पूर्वाधार विकासका आयोजना अन्तरगत गरिने क्रियाकलापहरुः

६.१ आयोजनाको छनौटः स्थानीय पूर्वाधार विकास आयोजनाहरु छनौट गर्दा मुख्यत सृजना हुने रोजगारी, सामाजिक, आर्थिक, प्राविधिक तथा वातावरणिय पक्षका साथै उक्त समुदायमा बसोबास गर्ने व्यक्ति, समुदाय वा घरधुरी वा त्यस क्षेत्रको प्रभावित व्यक्ति वा समुदाय आदि कुरालाई मध्यनजर गर्नुपर्दछ। यसका साथै उक्त आयोजनाबाट त्यस क्षेत्रमा हुने दिर्घकालिन जीविकोपार्जन, रोजगारी, उत्पादन तथा जलवायु परिवर्तन अनुकूलनका विविध पक्षलाई समेत विश्लेषण गरि छनौट गरिएको हुनु पर्नेछ। जसले भविष्यमा बढि लाभ दिनमा मद्दत गर्नेछ। यसका साथै निम्न पक्षलाई समेत ध्यान दिनु पर्नेछ।

- स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका, २०७७ (साथै राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८) ले व्यवस्था गरे अनुरूप आयोजनाहरुको छनौट तथा प्राथमिकिकरण गरि कार्यान्वयन गर्ने।
- जलवायु मैत्री प्रविधि, श्रममा आधारित तथा रोजगारी सृजना हुने स्थानीय पूर्वाधार, हरित पुनर्लाभ तथा सामाजिक समावेशीसँग सम्बन्धित आयोजनाहरु छनौट गर्ने।
- स्थानीय सरकारको संयन्त्र बाहिर रहेका अनुकूलनका अभ्यास, श्रोत, क्षमता तथा ज्ञानलाई पहिचान गरी आयोजना छनौट प्रक्रियामा सहभागी गराउने आयोजना छनौट प्रकृयामा

जलवायु परिवर्तनमा कार्यरत घरधुरी, समुदाय र सामाजिक संघ संस्थाहरु तथा परियोजनाहरुसँग छलफल गर्ने।

- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तयार भएको स्थानीय तहको वस्तुगत विवरणलाई (Risk Profile), स्थानीय अनुकुलन कार्य योजना (LAPA) आदि लाई आधार बनाई विभिन्न अन्तरक्रिया तथा छलफल गरी आयोजनाहरुको छनौट गर्ने।
- छनौट भएका जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुबाट प्राप्त लाभको लगातार लेखाजोखा गर्ने।
- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका आयोजनाहरु छनौट गर्दा जलवायु जोखिममा रहेका समुदायहरुलाई बस्ती स्तरमा विभाजन गरी उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने।
- यसरी छनौट भएका योजनाहरुको सूची प्राथमिकीकरणको लागि लिखित रुपमा वडा समितिमा पठाउने।

६.२ आयोजनाको संभाव्यता अध्ययनः आयोजनाको सामाजिक, आर्थिक, वातावरणिय तथा प्राविधिक पक्षको विस्तृत विश्लेषण तथा छलफल स्थानीय समुदाय तथा सरोकारवाला निकायहरुको रोवहर गर्नु पर्नेछ । यसरी संभाव्यता अध्ययन गर्दा भविष्यमा आउन सक्ने जोखिम तथा चुनौतीहरुको न्यूनीकरणका उपायहरुको समेत विश्लेषण गरिएको हुनेछ साथै अवसरहरुको समावेशी तथा न्यायोचित प्रयोग तथा परिचालनलाई समेत खुलाई प्रतिवेदन तयार पार्नु पर्नेछ।

६.३ आयोजनाको विस्तृत सर्भेः आयोजनाको संभाव्यता अध्ययन पश्चात आवश्यक प्राविधिक औजार, मेशिन तथा उपकरणका माध्यमबाट विस्तृत सर्भे पर्दछ। सामान्यतया निम्न उपकरण वा मेशिन वा औजारको कार्य सम्पन्न सहायताले सर्भे कार्य सम्पन्न गरिन्छ।

क. थियोडोलाइट

घ. मेजरिङ टेप

ख. लेवल मेसिन

ङ. एब्नी लेवल

ग. रेञ्जिङ रड

च. जि.पि.एस. आदि

६.४ लागत **इष्टिमेट** तथा **ड्रइङः** स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुले विस्तृत सर्भे तथ्यांक वा सर्भे डाटाहरुको माध्यामबाट आयोजनाको लागत इस्टिमेट तयार गरिन्छ।

लागत इस्टिमेट तयार गर्दा प्रचलित ऐन, नियम तथा कानूनको अधिनमा रहि तयार पार्नु पर्दछ यसका साथै नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तरगत स्थानीय

पूर्वाधार विभागको नियमानुसार तयार गरिएको हुन्छ । लागत इस्टिमेट तयार गर्दा सम्बन्धित जिल्ला र पालिकाको दर रेटलाई पनि मुख्य आधार मानिएको हुन्छ । लागत इस्टिमेट तयार बढिमा २० प्रतिशत सम्म श्रमदानको व्यवस्थापन कामदारहरुबाट गर्न सकिने प्राविधिक लागत इस्टिमेटमा उल्लेख गाउँपालिकाले गर्न सक्नेछ । लागत इस्टिमेटका आधारमा कामदारहरुलाई गाउँपालिका अन्तरगतका प्राविधिक कर्मचारीहरुले अभिमुखीकरण पश्चात योजना स्थलमै रहेर निर्माण कार्यमा सहयोग पुऱ्याउने छन् । लागत तथा इंस्टिमेट गर्ने क्रममा निम्न लिखित औजारहरुको प्रयोग गरिएको हुन्छ :

- थियोडोलाइट
- लेवल मेसिन
- रेजिङ रड
- अटो क्याड
- एब्नी लेवल
- क्यालकुलेटर
- जि.पि.एस. आदि
- मेजरिङ टेप

६.५ हाते औजार : आयोजनामा काम गर्न सहज बनाउन हाते औजार तथा सुरक्षाका सामाग्रीहरुको पनि व्यवस्था गरिएको छ । आयोजनाको भौतिक पक्ष तथा प्राविधिक पक्षलाई मध्यनजर गर्दै हाते औजार तथा सुरक्षाका सामाग्रीहरुको परिमाण तथा सामाग्रीको सूचि तयार गरि अन्तिमरुप दिईने छ । सामान्यतया हाते औजार तथा सुरक्षाका सामाग्रीहरुमा गैटी, साबेल, बेल्चा, घन, छिना, लेवल पाइप, आरा, हेल्मेट, गमबुट, सेफ्टी भेस्ट, चस्मा, मास्क आदि गाउँपालिकाद्वारा खरिद गरि उपभोक्ता समितिलाई उपलब्ध गराइने छ भने स्थानीय स्तरमा सहजै उपलब्ध हुने हाते औजार जस्तै कुटो, कोदालो, हसिया आदि को प्रर्वन्ध कामदार आफैले गर्नु पर्ने हुन्छ । यसरी खरिद गरिने हाते औजार तथा सुरक्षाका सामाग्रीहरु प्रचातिल कानून बमोजिम हुनेछ ।

६.६ निर्माण सामाग्रीको खरिद : आयोजना निर्माणका क्रममा लागत इस्टिमेट बमोजिम चाहिने बाह्य निमाण सामाग्रीहरुको खरिद गाउँपालिकाले प्रचलित कानूनको परिधि भित्र रहि गुणस्तिरीय सामाग्रीको खरिद विभिन्न मान्यता प्राप्त सप्लायर्स वा कम्पनीबाट गर्नेछ । यसरी खरिद गर्दा सबै भन्दा कम दररेटमा सामाग्री दिने सप्लायर्स वा कम्पनीबाट गर्नेछ तर सामाग्रीको गुणस्तर र परिमाण भने लागत इस्टिमेटमा उल्लेख भए बमोजिम नै हुनेछ । यसरी खरिद भएको सामाग्रीहरु सप्लायर्सले गाउँपालिकामा हस्तान्तरण गर्दा प्राविधिक चेकजाँच तथा स्पेशिफिकेशनको विवरण हेरेर मात्र बुझ्नु पर्नेछ । गाउँपालिकाले सामाग्रीहरुको जिन्सि खातमा आम्दानी बाँधी तथा उपभोक्ता समितिलाई निर्माणका लागि हस्तान्तरण वा वितरण गर्नेछ ।

६.७ स्थानीय निर्माण सामाग्रीको गुणस्तर :

६.७.१ ढुंगा : ढुंगा खस्रो, गरुंगो, कडा, पानी नसोस्ने र प्वाल नभएको हुनुपर्छ। चर्केको ढुंगा र दर्शन ढुंगा प्रयोग गर्नु हुदैन। खोलाको कडा ठूलो ढुंगा फुटाएर प्रयोग गर्न सकिन्छ।

६.७.२ गिट्टी ढलान गर्नको लागि गिट्टीको प्रयोग गरिन्छ। यो दुई प्रकार बाट प्राप्त गर्न सकिन्छ।

१. प्राकृतिक खोला, नदी वा खानीबाट

२. कृत्रिम उपयुक्त ढुंगा फुटाएर

गिट्टी खस्रो, कडा, एकै आकारको र गोलो नभई कुनाहरु निस्केको, सामान्यतय साइज ५ मीमी देखि २० मीमी सम्मको उपयुक्त हुन्छ। चिल्लो दर्शन किसिमको, फस्के अथवा नरम खालको, धेरै पातलो र लाम्चो आकारको, गोलो र एकै आकारको प्रयोग गर्नु हुदैन।

**६.** ७.३ वालुवा वालुवा खस्रो, चिनी आकारको सफा र दानेदार, कडा किसिमको माटो, झारपात र बिरुवाका जराहरु नमिसिएको उपयुक्त हुन्छ। बढि टल्कने वालुवा प्रयोग गर्नु हुदैन। सुख्खा वालुवा प्रयोग गर्नु पर्दछ, यदि भिजेको वालुवा प्रयोग गरेमा सिमेन्ट र पानीको अनुपात नमिल्न गई गुणस्तर घट्न जान्छ।

६. ८. बाह्य निर्माण सामाग्रीको गुणस्तर

६.८.१ सिमेन्ट बजारमा पाइने ४३ र ५३ ग्रेड मध्ये ५३ ग्रेडको महंगो तर ४३ ग्रेड भन्दा राम्रो। तौल ५० केजी हुनुपर्ने। उत्पादित मिति हुनुपर्ने र सो मिति ३ महिना ननाघेको र सिमेन्टको बोरा थिच्दा कडा नभएको हुनुपर्ने। नेपाल गुणस्तर चिन्ह NS-49 अथवा ISI चिन्ह प्राप्त हुनुपर्ने। बजारमा प्रचलित केही नेपाली ब्राण्डहरु हेटौडा सिमेण्ट, विश्वकर्मा सिमेन्ट र केही भारतीय ब्राण्डहरु सतना सिमेण्ट, जे पी सिमेण्ट।

**६.** ८.२छड (**सरिया**) बजारमा पाइने ६ मीमी, ८ मीमी १० मीमी, १२ मीमी, १६ मीमी र २० मीमी। तौल र कम्पनीको नाम उल्लेख हुनुपर्ने उल्लेख भएको तौल अनुसार छ कि छैन जाखेरै जाँच्ने। खिया नलागेको हुनुपर्ने। नेपाल गुणस्तर चिन्ह NS-84 अथवा ISI चिन्ह प्राप्त हुनुपर्ने। बजारमा प्रचलित केही ब्राण्डहरु हिमाल, पञ्चकन्या, बागेश्वरी, जगदम्बा, हामा।

**६.८.**३ जि आइ तार बजारमा पाइने ७ गेज, ८ गेज, १० गेज, ११ गेज, २० गेज आदि मध्ये सिंचाई आयोजनामा ग्याबियन जाली बनाउनको निम्ति १० गेज (३.५ मीमी डायमिटर) बढी प्रयोग गरिन्छ। उक्त जि आइ तार राम्ररी ग्यालभनाइज गरिएको र खिया नलागेको हुनुपर्दछ। नेपाल गुणस्तर चिन्ह NS अथवा ISI चिन्ह प्राप्त हुनुपर्दछ।

६.८.४ बाइण्डीङ्ग तार यो सरिया बांध्नको निम्ति प्रयोग गरिन्छ। यो २० गेज को हुन्छ। नेपाल गुणस्तर चिन्ह NS अथवा ISI चिन्ह प्राप्त हुनुपर्दछ।

**६.८.५** केबल तार यो पाइप लाइनलाई खोला खोल्सी पार गराउन प्रयोग गरिन्छ। बजारमा पाइने ६ मीमी, ८ मीमी, १३ मीमी र १६ मीमी नेपाल गुणस्तर चिन्ह NS अथवा ISI चिन्ह प्राप्त हुनुपर्दछ। ६.८.६. पोलिथिन पाइप बजारमा पाइने १६ मीमी २० मीमी, २५ मीमी ३२

मीमी, ४० मीमी, ५० मीमी, ६३ मीमी, ७५ मीमी ९० मीमी, ११० मीमी १२५ मीमी र माथि पाइपमा कोरिएको निलो रंगले ४ केजीको, हरियो रंगले ६ केजीको र पहेंलो रंगले १० केजीको भन्ने बुझाउछ । नेपाल गुणस्तर चिन्ह NS प्राप्त हुनुपर्दछ । बजारमा प्रचलित केही ब्राण्डहरु लक्ष्मी प्लास्टीक, पञ्चकन्या, टण्डन, नेपाल प्लास्टीक।

६. ९. निर्माण सामाग्री भण्डारण

६.९.१ **सिमेन्ट** : सिमेन्ट राख्ने ठाउँमा चिस्यान हुनुहुदैन । भित्ता वा गारोलाई नछुने गरि एक फिट छाडनु पर्दछ । भुईंमा सम्भव भएसम्म २ तह फल्याक बिछ्याउनु पर्दछ । सिमेन्टको तह मिलाएर राख्दा बढिमा १० ब्याग राख्न सकिन्छ र गोदाम कोठा हावा, पानी र चिस्यानबाट जोगाउनु पर्दछ । सिमेन्टलाई प्लास्टिकले छोपेर राख्नु पर्दछ । सिमेन्ट उत्पादन गरेको लगत्तै प्रयोग गर्न सकिएन भने जति शक्ति दिनु पर्ने हो त्यति दिन सक्दैन । सिमेन्ट उत्पादन भएको मितिले ३ महिनामा २० प्रतिशत र क्रमश घट्दै गएर २४ महिनामा ५० प्रतिशत सम्म शक्ति घट्दछ।

६.९.२ अन्य बाह्य निर्माण सामाग्री र औजारहरुः पानी पर्ने अथवा चिसो हुने स्थानमा नराख्ने । एकै स्थानमा सुरक्षित साथ राख्नु पर्दछ । आगो नजिक राख्नु हुदैन र सामाग्रीको प्रकृति हेरी काम अनुसार बेग्ला बेग्लै पंक्तिमा मिलाएर राख्नु पर्दछ।

६.९.३ स्थानीय निर्माण सामाग्रीहरु निर्माण स्थल नजिकै पानीले नबगाउने ठाउँमा सुरक्षित साथ राख्नु पर्दछ । माटो र झारपात नमिसिने ठाउँमा राख्नु पर्दछ । वालुवा र गिटीलाई ढुंगाले वरिपरी घेरेर राख्नु पर्दछ। काठहरु चाङ मिलाएर पानीले नभिज्ने ठाउँमा राख्नु पर्दछ।

६.१० लाइट टच इन्जिनियरिङ विधिः यस आयोजनाबाट सञ्चालन गरिने निर्माण कार्यको सर्भे तथा लागत इष्टिमेट तयार गर्ने क्रममा ठूला तथा महंगा मेसिनहरुको सट्टामा साना तथा हल्का मेसिनहरुको प्रयोग गरिन्छ जस्तै एब्नी लेवल, जि.पि.एस मेजरिङ टेप, लेवल पाइप, क्याम्बर बोर्ड आदि । निर्माण कार्यमा ठूला निर्माण मेसिनहरु जस्तै डोजर, एक्साभेटर आदिको प्रयोग प्रतिबन्धित छन्।

६.११ बिभिन्न काममा निर्माण सामाग्रीको अनुपात

**६.११.१** प्लास्टर यसको लागि सिमेन्ट, बालुवा र पानी मिसाएर मसला बनाइन्छ । मसला तयार गर्दा मिश्रण गर्ने ठाउँमा माटो, झारपात र बिरुवाका जराहरु हुनु हुँदैन । टिनको पाता, प्लास्टीक वा चेप्टो ढुंगा बिछ्याएर समतल ठाउँ बनाउनु पर्दछ । सिंचाईको काममा सामान्यतय १:३ (१ भांडा सिमेन्ट र ३ भाँडा वालुवा) वा १:४ (१ भाँडा सिमेन्ट र ४ भाँडा वालुवा प्रयोग गरिन्छ । बेल्वाको सहायताले पहिले पानी नहाली सिमेन्ट र वालुवालाई समान रंगको मिश्रण नहुन्जेल सम्म मिश्रण गर्नुपर्दछ । त्यसपछि थोरै थोरै पानी हाल्दै बिस्तारै चलाउदै फर्काउदै मसला तयार पार्नुपर्दछ । मसला तयार भएपछि तसलामा राखी निर्माण कार्यमा ३० मिनेट भित्र कर्नीको सहायताले प्रयोग गरि सक्नु पर्दछ । साधारणतय

मसला धेरै गिलो वा साह्लो हुनु हुदैन । सिमेन्ट र वालुवा नाप्ने भाँडोको रुपमा तसला, कन्टर, कट्टा आदि प्रयोग गर्न सकिन्छ । सिमेण्टको मसला प्रयोग गरेर ढुंगाको गाह्लो लगाउँदा सामान्यतय १:४ वा १:६ को मसला प्रयोग गरिन्छ ।

६.११.२ **पि. सि. सि.** : यसको लागि सिमेन्ट, बालुवा, गिटी र पानी मिसाएर मसला बनाइन्छ । मसला तयार गर्दा र प्रयोग गर्दा माथि उल्लेख भएका कुराहरु पालना गर्नुपर्दछ । सिंचाईको काममा सामान्यतय १:२:४ (१ भाँडा सिमेन्ट, २ भाँडा वालुवा र ४ भाँडा गिटी प्रयोग गरिन्छ । यसको प्रयोग जगमा छानामा ढलान गर्न, कूलोको भूईंमा, आदि कार्यमा हुन्छ। पि.सि.सि. मा फलाम प्रयोग भएमा आर. सि. सि. भनिन्छ । आर.सि. सि. को काम गर्दा पहिले काठ वा टीनको फर्मा सफा, सिधा, समतल, नचुहिने र बलियो बनाउनु पर्छ । त्यसपछि सरिया मिलाउने र बाँधने काम सकेपछि मसला खन्याइन्छ, खन्याउदा धेरै माथि बाट खन्याउनु हुदैन र खन्याई सकेपछि त्यसलाई तुरुन्तै राम्ररी खाँद्नु पर्दछ । फर्मालाई कम्तिमा २ हप्तासम्म खोल्नु हुँदैन । मसला तयार गर्दा पानी र सिमेन्टको अनुपात ४ : १० (४ लिटर पानी र १० केजी सिमेण्ट) देखि ६ : १० (६ लिटर पानी र १० केजी सिमेण्ट) सम्म उपयुक्त हुन्छ ।

**६.११.३** क्यूरिङ किन र कसरी सिमेन्ट प्रयोग भएको संरचनालाई बलियो बनाउनका लागि पानीले भिजाउने प्रक्रियालाई क्युरिङ भनिन्छ । प्लास्टर, पि.सि.सि. आर. सि. सि. र सिमेण्टको मसला प्रयोग गरेर ढुंगाको गारो आदिमा सिमेन्ट प्रयोग भएको २४ घण्टा पछि क्युरिङ गरिन्छ । कम्तिमा ७ दिन र बढिमा १४ दिन सम्म दिनहु बिहान बेलुका क्युरिङ गर्नु पर्दछ । क्युरिङ विभिन्न तरिकाले गर्न सकिन्छ जस्तै जुटको बोरा अथवा बाक्लो कपडा भिजाएर संरचनालाई छोप्ने भिजाउने, संरचनालाई भिजाएर परालले छोप्ने भिजाउने, चिसो माटोले छोप्ने पटक पटक पानी छकने वा दिनहु बिहान बेलुका पानीले भिजाउने । क्युरिङ नगरिएको संरचना चर्कने, फुट्ने वा भत्कने संभावना हुन्छ ।

६.१२. आवश्यक जनशक्ति कार्यक्रमद्वारा संचालन गरिने निर्माण कार्यका लागि दुइ किसिमका मानव जनशक्तिको आवश्यक्ता पर्दछ ।

**६.१२.१** दक्ष जनशक्ति दक्ष जनशक्ति भन्नाले सीप, ज्ञान भएको, लगनशिल, अनुभवि र आफ्नो कामलाई कुशलतापुर्वक गर्न सक्ने व्यक्तिलाई बुझाउँदछ । कुनै पनि विषयमा निर्माण गरिएका भौतिक सामुदायिक संरचनाहरुको स्थायित्वका लागि प्रत्येक योजनामा दक्ष जनशक्तिको आवश्यक्ता पर्दछ । निर्माण क्रममा मेसनरी काम, प्लास्टर, कामको गुणस्तरलाई ध्यान दिने, साना तिना समस्याहरुलाई समाधान गर्ने र स्थानीय स्तरमा उपलब्ध श्रोत, ज्ञान र सीपको सदुपयोग जस्ता

कामको लागि दक्ष जनशक्तिलाई परिचालन गरिन्छ । संरचना निर्माणको लागि सकेसम्म स्थानीय स्तरमा उपलब्ध दक्ष जनशक्तिको परिचालन गरिनेछ तर संरचनालाई समपन्न गर्न

विशेष किसिमको दक्षताको आवश्यक्ता परेमा बाहिरबाट पनि ल्याएर संरचनालाई पूर्णता दिनुपर्ने हुन्छ ।

६.१२.२ अदक्ष जनशक्ति आफुमा विशेष किसिमको ज्ञान, सीप, अनुभवको कमिका कारण अरुमा आश्रित भएर काम गर्ने जनशक्तिलाई अदक्ष जनशक्ति भनिन्छ । संरचना निर्माणको कामका उनिहरुको पनि विशेष भुमिका रहन्छ । निर्माण सामाग्रीको संकलन तथा उक्त संकलित सामाग्रीलाई आयोजना स्थलसम्म पुयाउन, खन्ने, रोडा कुट्ने काम जस्ता कार्यहरुमा अदक्ष जनशक्तिको विशेष भुमिका रहन्छ ।

६.१३ कामदारहरुको समुह विभाजन भनिन्छ सबैको जिम्मेवारी भनेको कसैको पनि जिम्मेवारी होइन । निर्माण कार्यमा पनि यदि सबै कामदारलाई कामको जिम्मेवारी दिन सकिएन भने काम समयमा सम्पन्न हुदैन, कामको लागत धेरै र कामदारको पनि मनोबल घट्दै जाने जस्ता समस्याहरु आइपर्छन । यस्तै कुराहरुलाइ मध्यनजर गर्दै कामलाई न्यायोचित तथा प्रभावकारी ढङ्गबाट संचालन गर्नलाई कामदारहरुको समुह विभाजन गरिन्छ । कामको आधारमा समुह विभाजन गरि लागत इस्टिमेटमा संलग्न गरिएको हुन्छ । यसरी समुह विभाजन गर्दा समान काम हुने र पाउने रकममा पनि धेरै अन्तर नहुने भएको हुनाले कामदारहरुको काम प्रतिको लगाव पनि बढ्छ । कामको परिमाणको आधारमा रकम वितरण हुने भएकाले समुह विभाजन गरेर काम गर्दा कामका ढिला सुस्ती, ठगी हुनबाट पनि जोगाउछ ।

६.१४ कामदारको कामको तालिका अन्तराष्ट्रिय श्रम कानुन अनुसार सामान्यतया एक जना व्यक्तिले दिनमा ८ घण्टा क्रियाशिल भएर काम गर्न सक्छ। सोही कुरालाई मध्यनजर गर्दै यस कार्यक्रमा पनि

कामदारहरुले ८ घण्टा क्रियाशिल भएर लाग्नु पर्ने हुन्छ । सबै कामदारको सहमतिमा कामको शुरु गर्ने समय र अन्त्य गर्ने समय तोकेर काम गर्न सकिन्छ । समुह विभाजन गरेर काम गर्ने भएकाले प्रत्येक समुहको काम गर्ने समय फरक हुन सक्ने भएता पनि कर्मचारीद्वारा कामको नियमित नाप जाँच, कामको गुणस्तरको मुल्याइन गर्दै कामदारलाई प्राविधिक सहयोग गर्नु पर्ने भएकोले सकेसम्म सबै समुहको

कामको तालिका एकै किसिमको हुँदा प्रभावकारी हुन्छ । कामको विचमा खाजा खाने समय, पानी खाने समय, चर्पी जाने समय र छोटो छोटो आराम गर्ने समयको पनि व्यवस्थापन गरिएको हुन्छ ।

६.१५ संचार तथा प्रतिवेदनः कुनै पनि आयोजना परियोजनाको प्रभावकारी कार्यान्वयन तथा मुल्याङ्कनको लागि प्रभावकारी संचार र प्रतिवेदन प्रणाली हुन अत्यावश्यक हुन्छ । प्रभावकारी संचार प्रणालीले सुचनाहरुलाई सहज र सरल रुपमा एक अर्का बीचमा पुयाउन मद्दत गर्दै नियमित रुपमा सही सुचना प्रवाह गर्न सहयोग गर्दछ । यसरी नियमित रुपमा संचार गर्दा आइपरेका साना।ठूला समस्याहरुलाई सही समयमा परिस्थिति अनुसार समाधान गर्ने उपायहरु पनि प्रदान गर्दछ । यस आयोजनामा संचालित कामको पारदर्शिता कायम गर्न, न्यायपूर्ण तरिकाले श्रमदान जुटाउन, सम्पन्न कामको भुक्तानी लिन, निर्माण सामाग्रीहरु सुरक्षित र व्यवस्थित गर्न, धेरै पछि

भविष्यसम्म सबैको योगदानको लेखाजोखा गर्ने उद्देश्यका साथ प्रत्येक आयोजनामा आयोजना किताबको व्यवस्था गरेका हुन्छ । उक्त आयोजना किताबमा आयोजनाको विवरण, उपभोक्ता समितिको विवरण, आयोजनाको सम्झौता फारम, लाभान्वितको विवरण, आयोजनाको इष्टिमेट, नगद आम्दानीको विवरण प्राप्त भएका हाते औजार, सुरक्षा सामाग्री निर्माण सामाग्री र त्यसको खर्चको विवरण, हाजिरी, सार्वजनिक लेखा परिक्षण लगायतका विभिन्न महत्वपूर्ण सुचनाहरु समावेश गरिएको हुन्छ। जुन किताब गाउँपालिकाका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको पदाधिकारीहरुको संलग्नतामा भरिन्छ । उक्त आयोजना किताब उपभोक्ता समितिसँग आयोजना स्थलमा रहने भएकाले सबैजनाले हेर्न त्यसमा भएका विवरणहरुलाई रुजु गरि सही सुचना प्रवाह गर्नमा सहयोग गर्न सकिन्छ । आयोजना स्थलमा गाउँपालिकाको प्राविधिक तथा अन्य कर्मचारीले उपभोक्ता समितिको सहयोगमा प्रत्येक दिनको हाजिरीको साथमा प्रत्येक समुहको कामको परिमाण उठाउनु पर्ने हुन्छ । यसरी दैनिक उठाएको कामको परिमाणलाई साप्ताहिक रुपमा कर्मचारीद्वारा कार्यालयमा पेश गर्नु पर्नेछ ।

६.१६ वातावरणिय पक्षहरु स्थानीय पूर्वाधार विकासका भौतिक संरचना निर्माणको काम गर्दा वातावरणलाई ध्यान दिन जरुरी हुन्छ । वातावरणीय व्यवस्थापन योजनामा न्युनिकरण, मुल्याइन तथा संस्थागत उपायहरु समावेश गरि संरचना निर्माणको क्रममा सामाजिक तथा वातावरणमा पार्न सक्ने प्रतिकुल असरहरुलाई न्युनिकरण गर्दै स्वीकार्य स्तरसम्म ल्याउन विभिन्न रणनीतिहरु बनाएको हुन्छ । हामीले गरेका निर्माणको कारणले सामाजिक तथा वातावरणमा प्रतिकुल असर नपर्ने हिसाबले गर्नु पर्छ । जलवायु परिवर्तनको अनुकूलनका लागि सहज गराउनका लागि निम्न लिखित कुराहरुलाई ध्यान पुयाउनु पर्छ :

- निर्माण कार्यको क्रममा खन्दा निस्किएको माटोलाई व्यवस्थापन गर्नु पर्दछ । यसरी निस्किएको माटो प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खोलामा मिसिन्छ, माटोको सुख्खा पहिरो जाने देखि पहिरो जाने सम्म जोखिम बढ्दै जान्छ । माटो व्यवस्थापनको लागि भकारी बनाएर अथवा खाल्टो खनेर पुर्न पनि सकिन्छ । ठाँउको पहिचान गरेर उपयुक्त स्थानमा दुशको सुख्खा गाहो लगाएर पनि माटोको व्यवस्थापन गर्न सकिन्छ । संरचनाको लागत इस्टिमेट तयार गर्दा निस्किएको माटोलाई ३० मिटर सम्म माटो बोकेर त्यसलाई व्यवस्थापन गर्ने हिसाबले गरेको हुनाले उपयुक्त स्थानको पहिचान गरेर माटोलाई व्यवस्थापन गर्ने कामदारको जिम्मेवारीमा पर्दछ । भिरालो ठाँउमा खन्ने क्रममा ठाडो पारेर नकाटी अलिक स्लोप पारेर काट्नु पर्ने हुन्छ । माटोलाई त्यही स्थानमा राख्न र पहिरो जान नदिनलाई वृक्षारोपणको कामहरु गरेर वातावरणमा पर्न सक्ने तथा परेका प्रभावहरुलाई न्यून गर्न सकिन्छ ।
- निर्माणका क्रममा विभिन्न सामाग्रीहरुको प्रयोग गरिएको हुन्छ । यसरी सामाग्रीहरु ल्याउदा र प्रयोग गर्दा भण्डारणको क्रममा बोरा, प्लास्टिकजन्य पदार्थहरुको व्यवस्थापन गर्नु आवश्यक हुन्छ । पुन: प्रयाग गर्न मिल्ने वस्तुहरुलाई सोही अनुरूप व्यवस्थापन गर्दै वातावरणमा पर्न सक्ने

प्रभावहरुलाई न्युन गर्नु पर्छ । प्रत्येक दिन काम सकिए पछि प्रयोग भएका सामाग्रीहरुलाई व्यवस्थापन गर्दै निर्माण स्थल सफा गरेर मात्र निस्किनुपर्छ ।

- कार्यक्रम संचालन गर्दा वातावरणलाई ध्यान दिँदै वातावरण व्यवस्थापन योजना तयार गर्दै निर्माण कार्यलाई अगाडि बढाउनुपर्छ। संरचना अनुसार केही फरक हुने यस योजना बनाउदा उक्त संरचना निर्माण गर्दा कति माटो निस्किन्छ र त्यसलाई कुन स्थानमा व्यवस्थापन गर्ने, माटो व्यवस्थापन गर्नलाई सुख्खा गाहो कहाँ र कति निर्माण गर्ने, सिंचाइको योजना हो भने कुलोमा पानी कति ल्याउने, पानीको वितरण कसरी गर्ने जस्ता सामाजिक तथा प्राविधिक पक्षहरुलाई ध्यान दिएर योजना बनाएको हुन्छ ।

६.१७. स्वास्थ्य तथा सुरक्षाः यस आयोजनाले लाभग्राहीहरुको लागि स्वास्थ्य तथा सुरक्षाको लागि निम्न अनुसारको प्रबन्ध मिलाएको हुन्छ :

६.१७१ व्यक्तिगत सुरक्षा: आयोजना संचालनको अवधिभर लाभान्वित वर्गको व्यक्तिगत सुरक्षाको प्रवर्द्धन गर्न आयोजनामा निम्नानुसारका सुरक्षा सामाग्रीको प्रबन्ध गर्ने ।

आयोजना संचालन अवधिभर लाभान्वित वर्गले सुरक्षा सामाग्रीको नियमित प्रयोग गर्नु पर्दछ । उक्त सामाग्रीहरु आयोजना सम्पन्न पश्चात उपभोक्ता समितीले गाउँपालिकालाई फीर्ता गर्नु पर्दछ । तर निर्माणको क्रममा बिग्रेका सामाग्री भने बैठक बसि सो को विवरण खुलाई गाउँपालिकालाई जानकारी दिनु पर्नेछ ।

- गम **बुट**
- हेल्मेट
- टल्कीने ज्याकेट
- चस्मा
- पञ्जा
- मास्क

६.१७.२ कामदारहरुको सामुहिक विमा तथा प्राथमिक उपचार बाकस स्थानीय पूर्वाधार विकासका आयोजना कार्यान्वय गर्दा आयोजनामा संलग्न लाभग्राही वा कामदारहरुको सामुहिक बिमा गाउँपालिकाले मान्यता प्राप्त बिमा कम्पनीसँगको सहकार्यमा गर्नेछ । बिमा गर्ने संस्थाले लाभग्राहीलाई निर्माण कार्यका बेला दुर्घटना भई चोट पटक लागेको खण्डमा घटना स्थलको प्रहरी मुचुल्का र स्थानीय देखे चिनेको विवरण मुचुल्कालाई हेरी दाबी भएको रकमको ८० प्रतिशत सम्म भुक्तानी दिनेछ । तर लाभग्राहीको दुर्घटना भई मृत्यु भएको खण्डमा विमा कम्पनीले घटना स्थलको प्रहरी मुचुल्का र स्थानीय देखे चिनेको मुचुल्कालाई हेरी ५ लाख रकम भुक्तानी दिनेछ ।

भुक्तानीका लागि निवेदन दिदा आयोजनामा संलग्न भएको कागजात, प्रहरी मुचुल्का, बडाको सिफारिस, गाउँपालिकाको सिफारिस आदि कागजात लाभग्राही वा हकवालाले अनिवार्य संलग्न गराई पेश गर्नु पर्नेछ । तर निर्माण भईरहेको आयोजनाको काममा भन्दा अन्यत्र गई दुर्घटना भएको खण्डमा विमा कम्पनीले भुक्तानी गर्न बाध्य हुने छैन । अन्य विमा सम्बन्धी व्यवस्था आयोजना र विमा कम्पनी बिच भएको सहमति तथा सम्झौतामा व्यवस्था भए बमोजिम हुनेछ । यसै गरि निर्माण स्थलमा काम गर्दा सानो तिनो चोट लागेका खण्डमा प्राथमिक उपचार गर्नका लागि सामान्य प्राथमिक उपचार बाकस प्रत्येक आयोजनामा गाउँपालिकाद्वारा उपलब्ध गराएको हुनेछ ।

६.१७.३ घटनाको रिपोर्टिङ, रेकर्डिङ तथा व्यवस्थापनः निर्माणको क्रममा विशेष सावधानी अपनाउनु पर्दछ । विभिन्न औजारहरुको प्रयोग तथा अप्ठेरो ठाँउमा काम गर्नु पर्ने भएकोले काम गर्दा घटना हुन सक्ने सम्भावना प्रवल रहन्छ । निर्माणको काम गर्दा व्यक्तिगत सुरक्षा सामाग्रीको अनिवार्य प्रयोग गर्नु पर्छ जसले गर्दा हुनसक्ने दुर्घटनाको क्षतिलाई न्युन गराउँछ । कहिले काही सबै सावधानीको उपायहरु अपनाउँदा अपनाउदै पनि दुर्घटना भएको अवस्थामा त्यसलाई व्यवस्थित ढङ्गबाट प्रकृया अगाडि बढाउनलाई घटनाको रिपोटिङ साइटमा रहेको कर्मचारीले गाउँपालिका तथा बिमा कम्पनीमा गर्नु पर्ने हुन्छ । घटनाको जानकारी गराईसके पश्चात विमारीलाई प्राथमिक उपचार गरेर थप उपचारको लागि अस्पतालमा पुयाउनु पर्छ। उपभोक्ता समिति वा गाउँपालिकाको कर्मचारीले घटनाको विवरण तथा स्वास्थ्य उपचारको विवरणको विस्तृत विवरण राखि बिमा कम्पनीले उल्लेख गरे बमोजिमको ढाँचामा आवश्यक कागजात सहित खर्च भएको रकम वा दावी रकम भुक्तानीका लागि पेश गर्नु पर्ने हुन्छ ।

६.१७.४ निर्माण स्थलको व्यवस्थापन तथा चिन्हहरुः निर्माण स्थलको व्यवस्थापनले संभावित दुर्घटनालाई न्युन गर्न सहयोग गर्दछ । हामीले काम गर्ने स्थानहरु साह्रै कठिन र जोखिमपुर्ण भएको हुनाले निर्माण स्थलको उचित व्यवस्थापन गर्न जरुरी हुन्छ । निर्माण स्थलमा विभिन्न किसिमको सावधानी अपनाउने चिन्हहरु उपयुक्त स्थानमा सबैले देखिने गरेर राख्न पर्दछ । उक्त राखेको चिन्हको बारेमा कामदार सबैलाई अभिमुखिकरण गर्दै जानकारी दिनु पर्दछ ।

स्थानीय पूर्वाधार विकास अन्तरगतका भौतिक संरचना निर्माणको काममा सानो सानो कुराले पनि कामको प्रतिफलमा असर गर्दछ । कामदारको सुरक्षा, गोपनियता र आवश्यक्तालाई सुनिश्चत गर्ने हेतुले निम्न लिखित कुराहरुको व्यवस्थापन यस कार्यक्रममा व्यवस्था गरिएको छ

६.१७.४.१ अस्थायी चर्पी प्रत्येक आयोजना स्थलमा कम्तिमा एक एक वटा अस्थायी चर्पीको व्यवस्था गरिएको छ । महिला पुरुषको लागि अलग अलग चर्पीको व्यवस्था गर्दै गोपनियतालाई सुनिश्चत हुने हिसाबले चर्पीको निर्माण गरिएको हुनेछ । आयोजनाको काम

सकिए पश्चात उक्त अस्थायी चर्पीलाई सुरक्षित हिसाबले व्यवस्थापन गरिएको हुनेछ । अस्थायी चर्पी निर्माणको लागि चाहिने सामाग्रीको परिणाम लागत इष्टिमेटमा व्यवस्था भएको हुनेछ ।

**६.१७.४.२** पिउने पानी सुरक्षित पिउने पानीको व्यवस्था प्रत्येक योजना स्थलमा गराउनु पर्छ । सुरक्षित पिउने पानीको व्यवस्था यदि नजिकै उपलब्ध नभएमा कामदारहरु मध्ये केहीलाई अवस्था हेरेर पानीको व्यवस्थापन गर्ने र सोही गरे बापत हाजिर लगाउनने प्रावधानको व्यवस्था गर्न सकिन्छ । पानीको व्यवस्थापन गर्नलाई कामदार मध्ये अति नै संकटासन्न परिवारको व्यक्ति जसलाई निर्माणको कार्य गर्न कठिन हुन्छ वा गह्रौ भारी बोक्न नसक्ने व्यक्ति लाई मात्र गर्नु पर्ने हुन्छ

६.१७.४.३ बालबालिका स्याहारको व्यवस्थाः स्थानीय पूर्वाधार विकासका भौतिक संरचना निर्माण गर्दा वाल संरक्षण तथा विकासका कुरालाई ध्यान दिनु पर्दछ । हामी स्थानीय स्तरमा स्थानीय आयोजनाहरुको निर्माणमा संलग्न हुने भएकाले कामदारहरुको घरमा बालबालिका स्याहार गर्ने जिम्मेवार व्यक्तिको अनुपस्थितिका कारणले निर्माण स्थलमै ल्याउने भएकाले निर्माण स्थलमा बालबालिकाको सुरक्षाको लागि स्याहार गर्नलाई उपयुक्त स्थान र स्याहार गर्नका लागि हेरालोको पनि व्यवस्था गरिएको हुनेछ । स्याहार गर्नलाई कामदार मध्ये अति नै संकटासन्न घरपरिवाको व्यक्ति जसलाई निर्माणको कार्य गर्न कठिन हुन्छ वा गह्रौ भारी बोक्न नसक्ने व्यक्ति लाई मात्र गर्नु पर्ने हुन्छ ।

६.१७.४.४ लैङ्गिक तथा सामाजिक समावेशीकरण हामीले निर्माण गर्ने संरचनाको काममा सबै कामदारहरुलाई सम्मान गर्दै एक अर्कासंग सुमधुर सम्बन्ध कायम गर्नुपर्छ । काम गर्दा एक अर्कालाई सहयोग गर्दै सबै जात जाति, धर्म, लिङ्ग, एकल महिला, बस्तीलाई समेटेको हुनुपर्छ । समाजमा पछि परेका पारिएकाहरुको सहभागिता सुनिश्चत गराउनुपर्छ जसले गर्दा उनीहरुको आत्मसम्मान बढ्ने, आफ्नो ठाँउको बिकासमा योगदान हुने र जिविकोपार्जनमा पनि सहयोग पुयाउँदछ । विभिन्न जात जाति, धर्म, लिङ्ग का व्यक्तिहरु एकै ठाउँमा आएर काम गर्दा गाँउलाई एकिकृत हुन मद्दत गर्दछ । कुनै पनि प्रकारको हिंसा, लाभ, लोभ, मोह, पूर्वाग्रह, व्यक्तिगत फाइदा जन्य क्रियाकलाप गर्न गराउन निषेध गर्दै समावेशि तरिकाले काम गरि लक्षित वर्ग तथा समुदायको अधिकतम सहभागिता गराउनुपर्छ । समान कामलाई समान ज्यालाको व्यवस्था भएकोले महिला पुरुष सबैलाई सहभागी हुने अवसर प्रदान गर्नुपर्छ ।

६.१७.४.५ कडा परिश्रम पर्ने निर्माण कार्यमा गर्भवती, सुत्केरी, बालबालिका तथा ज्येष्ठ नागरिक समावेश / **प्रतिवन्ध** : समाजमा काम गर्दा कुनै पनि क्रियाकलापमा समान अवसर प्रदान गरेर सबैको सहभागिता सुश्चित गराउनु पर्दछ । यसो भन्दै गर्दा निर्माण कार्यमा कामदारहरु सहभागी गराउदा ध्यान पुयाउनु पर्दछ । गर्भावस्थामा रहेका तथा सुत्केरी महिलाहरू १८ वर्ष भन्दा कम उमेरका बालबालिका र जेष्ठ नागरिकहरूलाई कडा शारिरीक परिश्रम पर्ने

काममा लगाउनु हुदैन । गर्भावस्था तथा सुत्केरी महिलाहरुलाई आराम तथा पौष्टिक आहारको जरुरत हुने भएकाले उहाँहरुले सकेसम्म काम गर्नु हुदैन। बालबालिकाहरुको मुख्य जिम्मेवारी विद्यालयमा गएर पढ्नु हो । उनीहरुको शारिरीक विकास पुर्ण रुपले नभइ सकेको हुनाले कडा परिश्रम पर्ने काममा उनीहरुलाई पनि संलग्न गराउन हुदैन। यस्तै ज्येष्ठ नागरिकहरुको पनि सहभागिता कडा परिश्रम पर्ने काममा गराउन हुदैन। यदि कुनै पनि घरमा अरु कोही पनि काम गर्न सक्ने सदस्य छैन र गर्भावस्थामा रहेका तथा सुत्केरी महिलाहरू, १८ वर्ष भन्दा कम उमेरका बालबालिका र जेष्ठ नागरिकहरू मात्र रहेको छ भने उनीहरुको जीविकोपार्जन तथा आधारभुत आवश्यक्ता पुऱ्याउनको लागि हल्का खालको जसमा कुनै पनि किसिमको शारिरीक कसरत नपर्ने काम जस्तै हाजिर लगाउने, क्युरिङ गर्ने, बालबालिका स्याहार गर्ने, पिउने पानीको व्यवस्थापन, कामको गुणस्तर हेर्ने तथा काम गर्नलाई स्थानीय तरिका तथा उपायहरु दिने आदि जस्ता कामहरुमा सहभागी गराउन सकिन्छ।

६.१८ सरोकारवालासँग समन्वय तथा **सहकार्यः** एक थुकी सुकी सय थुकी नदी भने भै कुनै पनि कामहरु गर्दा सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरेर गर्दा अझ प्रभावकारी हुन्छ । संरचना निर्माणको कममा उक्त स्थानीय तह (पालिका, वडा) मा भौतिक निर्माण कार्य वा अन्य क्रियाकलापहरु संचालन गरेका सरोकारवाला निकाय तथा कम्पनीहरुसँग नियमित रुपमा समन्वय तथा सहकार्य गर्नु पर्दछ । यसरी समन्वय गर्दा कार्यमा दोहोरोपना नहुने र कामको प्रभावकारीता पनि बढि हुने हुन्छ। निर्माण कार्यको संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नु, लगानीमा साझेदार गर्नु, सामुहिक लगानी कोष खडा गरेर सरोकारवालासँग समन्वय तथा सहकार्य गर्न सकिन्छ । कार्यक्रमबाट गरिएको क्रियाकलापहरुको प्रगति विवरणहरु पेश गर्दै आएका समस्याहरुको छलफल गरि सरोकारवालाहरुको सबैको राय सुझाव लिदै काम गर्दा अझै प्रभावकारी हुन्छ।

६.१९ मर्मत संभार तथा संचालन योजनाः साना तिना मर्मतको काम जुन थोरै समयमा थोरै परिश्रम लगाएर गर्न सकिन्छ, त्यसलाई त्यत्तिकै छोडिदियौ भने मर्मत नै गर्न नसकिने गरी बिग्रन सक्छ। जस्तै कूलोबाट थोरै पानी चुहिदा - चुहिदै ठूलो पहिरो जान सक्छ। मर्मत संभार भन्नाले नियमित रुपमा गरिने मर्मत कार्यलाई जनाउँछ जसले गर्दा योजना व्यवस्थित र दीगो हुन्छ र उपभोक्ताहरुले लामो समयसम्म बढी भन्दा बढी फाईदा लिन सक्दछन्। पुनः निर्माण गर्नुभन्दा नियमित रुपमा मर्मत कार्य गर्नु बुद्धिमानी हो। मर्मत सम्भारको काम भन्नाले साधारण माटोको कामको मर्मत, नहरमा अथवा यसको डिलमा बनेको प्वाल थुन्ने, नहरमा थुप्रेका कसिंगर एवं गिटी बालुवा सफाई गर्ने, गेट भएमा तेल अथवा ग्रीज लगाउने, कूलो भित्रको झारपात उखेल्ने, नहरको डिल बलियो बनाउने, पाइप वा कुनै संरचनाको फुटेको ठाँउको मर्मत गर्ने कार्य आदि।

६.१९.१ आयोजना मर्मत सम्भारको कामलाई कम गराउने उपायहरुः

- नदीमा बाढी आएको बेला वा बाढी सकिनासाथ नहर चलाउन हुदैन किनभने त्यतिवेला पानीमा वढी वालुवा हुन्छ । नहरमा अटाई नअटाई पुरै भरिने गरी पानी संचालन गर्नु हुदैन । गाई भैसीलाई नहरको जुनसुकै ठाउँवाट नहर तराउने वा हिडाउने काम रोक्नुपर्छ। नहर तर्न पुलेसाको व्यवस्था गर्नुपर्दछ । नहरको बाहिरी डिलबाट माटो काट्नु हुदैन, डिल काट्नाले नहर कमजोर हुन्छ । नहरको वरिपरी पानी भएमा पानीको निकासको व्यवस्था गर्नु पर्दछ । नहरमा लुगा वा अन्य धुने कामको लागि छुट्टै व्यवस्था गर्नुपर्दछ । घुमाउरो नहरको भाग, पानी रसाउने भाग र वस्तीवाट जाने नहरको भागलाई श्रोत भएसम्म पक्की बनाउनु पर्दछ ।
- पोखरी सिंचाईमा पोखरीको माथिल्लो भाग अग्लो र पहिरो जाने सम्भावना छ भने त्यसलाई भचाङ जस्तै आकारमा काटेर माथिबाट बगेर आउने पानीको लागि उपयुक्त निकास दिनुपर्दछ । पाइपलाइन विछ्याउदा मुहानदेखि पोखरीसम्म कूलोको जस्तै slope मिलाएर विछ्याउनु पर्दछ । मिलेन भने पाइपलाइनको गहिरो भागमा वालुवा जम्ने र अग्लो भागमा हावा जमेर पानी रोकिने वा कम बरने सम्भावना हुन्छ । यसैगरी पोलिथिन पाइपलाई २.५ फीटदेखि ३ फीटसम्म गाड्नु पर्दछ । पाइपलाई खुल्ला छोडिदियो भने आगो, मानिस वा गाईगोरुले क्षति पुचाउन सक्दछ र भिरालो जमिनमा माथिको माटो पानीले बगाई पाइप बाहिर निस्कने सम्भावना हुन्छ । पोखरी निर्माणको क्रममा घेरवारको काम नसकिएसम्म प्लास्टिक बिछ्याउनु हुँदैन र काम सम्पन्न भएपछि गेटमा ताला लगाउनु पर्दछ । पोखरीको जोखिम बारे पनि आफ्ना केटाकेटीलाई सचेत बनाइराख्नु पर्दछ ।
- उचित मर्मत सम्भार भएन भने निर्माण गरेको संरचना राम्ररी संचालन हुन सक्दैन र लक्षित वर्गले फाइदा लिन सक्दैन, सहयोगी संस्था र उपभोक्ताको लगानी खेर जान्छ, मर्मत सम्भार कोषमा शुल्क उठाउन कठिनाई हुन्छ र क्रमश संरचनाको अवस्था झन् नाजुक बन्दै जान्छ । त्यसैले मर्मत सम्भार कामको लागि पालैपालो गर्ने गरी एकजना सकृय हेरालोको व्यवस्था गर्नुपर्दछ जसको अर्को महत्वपूर्ण जिम्मेवारी न्यायपूर्ण तरिकाले योजनाबाट प्राप्त हुने लाभ वितरण गर्नु हो ।

६.१९.२ मर्मत सम्भार समितिको गठन आयोजनाको दिर्घकालिका व्यवस्थापनका लागि एक मर्मत संभार समितिको गठन हुनेछ । आयोजना क्षेत्रमा रहेका लाभग्राहीहरुको भेलाबाट सर्वसहमतिबाट निम्न बमोजिमको मर्मत संभार समितिको गठन हुनेछ ।

क. अध्यक्षः

ख. उपाध्यक्षः

ग. सचिवः

घ. कोषाध्यक्ष

ङ. सह-सचिव:

च. सदस्य.

छ. सदस्य

माथि उल्लेख भए बमोजिम गठन भएको मर्मत संभार समितिको काम, कतव्य र अधिकार निम्न बमोजिम हुनेछ।

- आयोजनको रेखदेख तथा मर्मत संभार गर्ने गराउने । लाभग्राही, स्थानीय सरकार तथा सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय तथा सहकार्य गर्ने ।
- आयोजनाबाट हुने लाभ दामासाहीका हिसाबले सबै लाभग्राहीलाई उपयोग तथा प्रयोग गर्न दिने । सबै लाभग्राहीलाई भाईचारको व्यवहार गर्ने साथै पक्षपात रहित व्यवहार गर्ने ।
- आयोजनाको मर्मत संभार कार्य संचालन गर्दा लाभग्राहीको बैठक बोलाई छलफल गराउने ।
- मर्मत संभार कोषको प्रयोग तथा परिचालन गर्दा धेरै लाभदिने तर कम खर्च हुने कार्यमा सबैको राय सल्लाहा बमोजिम गर्ने ।
- मर्मत संभार कोषको वृद्धिका लागि विभिन्न तहका सरकार, सरोकार वाला निकाय तथा संघ संस्था र व्यक्ति संग समन्वय तथा सहकार्य गर्ने ।
- आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम चुस्त दुरुस्त र पारदर्शि ढंगबाट राख्ने ।
- आर्थिक वर्ष समाप्तीको ३ (तीन) महिना भित्र आय व्यायको लेखा परिक्षण गराउने ।
- अन्य कार्य लाभग्राही तथा स्थानीय सरकारले तोके बमोजिम हुनेछ ।

आयोजना संचालनका लागि मर्मत संभार कोषको **स्थापनाः** दिगो विकास तथा प्रभावकारी कार्यका लागि कुनै पनि भौतिक संरचना निर्माण गरिनुलाई मात्र मानिदैन तसर्थ विकास एउटा निरन्तर चलिरहने प्रक्रिया भएता पनि हरेक भौतिक निर्माणका आयोजनाहरुको दिगो तथा टिकाउका लागि मर्मत संभार जरुरी हुन्छ । यसरी मर्मत संभार गरि आयोजनालाई निरन्तर संचालन गर्दा यहाँका स्थानीय बासिन्दा वा लाभग्राहीको आर्थिक, भौतिक तथा सामाजिक सांस्कृतिक क्षेत्रको पहुचमा वृद्धि गर्दछ । त्यसैले हरेक आयोजनाको प्रभावकारी तथा दिगो रुपमा संचालनका लागि मर्मत संभार कोषको आवश्यकता पर्दछ सोही अनुरुप एल.आई.एस.पी. लुम्बिनी परियोजना अन्तर्गत निर्माण हुने भौतिक निर्माणका आयोजनाहरुको दिगो विकासका लागि एक मर्मत संभार कोषको व्यवस्था गरिएको हुनेछ जुन कोषका लागि निम्न निकाय तथा व्यक्तिहरुबाट रकम जम्मा गरिने छ । जसको संचालन तथा व्यवस्थापन माथि मर्मत संभार तथा संचालन योजनामा उल्लेख भए बमोजिम गरिनेछ ।

क. व्यक्तिगत सहयोग रकम

ख. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान

ग. लाभग्राहीबाट संकलन रकम

घ. वैदेशिक सहयोग

ङ. स्थानीय तथा अन्तराष्ट्रिय गै.स.स. बाट प्राप्त रकम

यसरी माथि उल्लेखित मर्मत संभार कोषको प्रभावकारी संचालन, व्यवस्थापन तथा संरक्षणका लागि वडा अध्यक्षको महत्व पूर्ण भूमिका रहने भएकाले सम्बन्धित वडाको वडा अध्यक्ष कोषको संरक्षणक रहने छ ।

६. १९.३. मर्मत संभार कोषको **संचालन** तथा ब्यबस्थापनः यसरी मर्मत संभार तथा संचालन आयोजनामा उल्लेख भए बमोजिम यस आयोजनाको मर्मत संभारका लागि प्राप्त रकमलाई मर्मत संभार कोषमा आम्दानी बाँधिएको हुनेछ । उक्त कोषको संचालन मर्मत संभार समितिका पदाधिकारीहरु क्रमश अध्यक्ष, कोषाध्यक्ष र सचिव संयुक्त दस्तखतबाट हुनेछ साथै उक्त कोष संचालनका लागि एक जना महिला पदाधिकारी अनिवार्य भएको हुनेछ । यस कोषको व्यवस्थापन तथा प्रयोगका लागि मर्मत संभार समितिका पदाधिकारीहरुको बैठक बसि तयार पारेको कार्ययोजना बमोजिम खर्च गर्न सकिने छ तर यस्तो निर्णय गर्दा कम्तीमा ८० प्रतिशत कोष संचालन तथा व्यवस्थापन समितिका सदस्यहरुको अनिवार्य उपस्थिति भएको हुनु पर्नेछ । कोषबाट खर्च भएको रकमको पारदर्शि तथा प्रभावकारी लेखा व्यवस्थापन भएको हुनु पर्नेछ साथै आ.व. को अन्त्यमा प्रचलित कानून तथा ऐन नियम बमोजिम लेखा परिक्षण भएको हुनुपर्नेछ ।

६.२० पारदर्शिता तथा जवाफदेहिता: कार्यक्रममा पारदर्शीता र जवाफदेहीता प्रवर्द्धन गर्नका लागि निम्नानुसार गतिविधी संचालन गरिन्छ ।

६. २०.१ सुचना पार्टीः आयोजनाको विस्तृत विवरण समेटीयको एक सुचना पार्टीको हरेक आयोजनामा व्यवस्था गरिएको हुन्छ । उक्त सुचना पार्टीमा आयोजनाको नाम तथा कार्यावधि लाभान्वित वर्गको विवरण, लागत विवरण, संलग्न निकायको विवरण जस्ता सुचना समेटीएको हुन्छ । सुचना पार्टीलाई आयोजनाको पायक पर्ने स्थलमा राखिएको हुन्छ ।

६.२०.२ लेखा परिक्षणः यो एक नियमति लेखा परिक्षण गराउने विधि हो । आर्थिक वर्ष समाप्त भए पश्चात गरिन्छ आय र व्यायको हिसाब किताबलाई पारदर्शिता ल्याउनको लागि मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्दछ । यस्तो लेखा परिक्षण आयोजना सम्पन्न भएको २ महिना भित्र गरिने छ । यसरी लेखा परिक्षण गराउंदा प्रचलित ऐन नियम बमोजिम उपभोक्ता समितिले गराउने छ उक्त लेखा परिक्षण प्रतिवेदन उपभोक्ता

समितिले स्थानीय सरकार वा निकायमा पेश गर्नु पर्नेछ । लेखा परिक्षक नियुक्त गर्दा प्रचलित कानून बमोजिम पालिकाको सहयोग तथा सहजिकरणमा गर्नु पर्नेछ ।

६.२०.३ सार्वजनिक लेखा **परिक्षणः** लेखा परिक्षण कार्यमा विल भरपाईका साथै खरिद प्रक्रियाहरुलाई बढि हेरिन्छ तर उपभोक्ता समितिले ल्याएका बिल भरपाईहरु स्थानीय बजारमा चलेको चलन चल्ती वा कारोबार भन्दा बढि छ वा कम छ कारोबार गर्दा प्रक्रिया मात्र मिलेको छ कि? कतिको पारदर्शि ढंगबाट काम कार्वाही अगाडी बढेको थियो वा छर आदि जस्ता कुराहरु नियमित लेखा परिक्षणबाट नआउने भएकोले सार्वजनिक लेखा परिक्षण वा जनलेखा परिक्षण गर्नु जरुरी हुन्छ तसर्थ यस गाउँपालिकाबाट संचालित आयोजनाहरु सम्पन्न भए पश्चात सार्वजनिक लेखा परिक्षण निर्माण कार्यको बिचमा र निर्माण सम्पन्न भए पश्चात कम्तीमा २ पटक गरिने छ । यो क्रियाकलाप संचालन गर्दा लाभग्राही तथा सरोकारवाला निकायलाई उपभोक्ता समितिले अनिवार्य रुपमा पत्राचार वा खबर गरेको हुनु पर्नेछ । सार्वजनिक लेखा परिक्षणमा आय व्याय मात्र नहेरि समग्र कार्य संचालन प्रक्रिया तथा पद्धतिलाई हेरिन्छ । सार्वजनिक लेखा परिक्षण सम्पन्न भए पश्चात मात्र आयोजनाको फरफराक हुने भएकोले यो अत्यन्त महत्वपूर्ण र प्रभावकारी मानिन्छ । सार्वजनिक लेखा परिक्षण संचालन गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

६.२०.४ सामुदायिक पुष्ठपोषण संयन्त्र कार्यक्रममा पारदर्शीता र जवाफदेहितालाई कायम गर्न सामुदायिक पुष्ठपोषण संयन्त्रको पनि व्यवस्ता गरिएको छ। यस संयन्त्र अन्तरगत लाभग्राहीहरुले भएका निर्णय, काम, कारवाही, छनौट, घरधुरी छनौट, ज्याला एकिन, ज्याला रकम वितरण सम्बन्धमा चित्त नबुझेका कुराहरु देखिएमा गाउँपालिकाका सुचना गुनासो सुन्ने अधिकारी वा सहयोग कक्षमा आइतवार देखी शुक्रवार विहान १० बजे देखि वेलुकी ५ बजे सम्म सम्पर्क गर्न सकिन्छ । यसका साथै गाउँपालिकाको हेलो मेयर कार्यक्रम निःशुल्क टोल फ्रि नं. १६६०८७४४०४४ मा फोन गर्न सकिने छ । यसरी स्थानीय तहसँग सुचना वा गुनासो प्रेषित गर्दा सुचना उपलब्ध गराउने व्यक्तिको पहिचान गोप्य राखिने छ र उल्लेख गरेको समस्या वा गुनासोलाई तुरुन्तै समाधान गर्न पहल गरिनेछ ।

६.२१ आयोजनाको सम्पन्न तथा अन्तिम लागत तयारः स्थानीय पूर्वाधार विकासका निर्माण कार्यमा संलग्न लाभग्राहीले डिजाईन इस्टिमेटमा तोकिए बमोजिमको काम सम्पन्न गरेको जानकारी गाउँपालिकामा भए पश्चात गाउँपालिकाका प्राविधिक कर्मचारीबाट आयोजनाको नाप जाँच तथा अन्तिम मूल्यांकन तयार पारिनेछ । यसरी नाप जाँच र मूल्यांकन गर्दा मूल्यांकन सिटमा टोली नेता र उपभोक्ता समितिको अध्यक्ष र साईट ईन्जार्चको दस्तखत गराउन भने छुटाउनु हुदैन । अन्तिम लागत बिल अनुसार लाभग्राहीले भुक्तानी पाउने भएकाले यसको महत्व धेरै छ ।

६.२२ आयोजनामा संलग्न लाभग्राहीलाई भुक्तानी प्रकीयाः स्थानीय पूर्वाधार विकासका निर्माण कार्यमा संलग्न लाभग्राहीलाई निर्माण कार्य आधा सम्पन्न भए पश्चात कूल काम गरेको

परिमाणको ८० प्रतिशतले हुन आउने रकम भुक्तानीका लागि प्रक्रिया अगाडी बढाईने छ साथै यसरी भुक्तानी प्रक्रिया अगाडी बढाउन अघि लाभग्राहीको पायक पर्ने बैंकमा खाता खोलिएको हुनु पर्नेछ। पहिलो किस्ता भुक्तानीका लागि कामको नाप जाँच तथा मूल्यांकन गरि रनिङ्ग बिल ईन्जिनियरबाट तयार तथा पेश भएको हुनु पर्नेछ। उक्त रनिङ्ग बिलका आधारमा कति रकम बराबरको काम भयो र जम्मा काम गरेको दिन कति छ सो हेरी प्रति लाभग्राहीले कति रकम पाउने हो सो को एकिन गरि स्थानीय तहबाट सिधै बैंक खातामा भुक्तानीका लागि पठाइनेछ। यसका साथै काम सम्पन्न भए पश्चात आयोजनामा अन्तिम नापजाँच तथा मूल्यांकन गाउँपालिकाका प्राविधिक कर्मचारीहरुबाट गराई हुन आएको जम्मा परिमाणको रकममा पहिलो किस्तामा भुक्तानी भएको रकम कट्टी गरि बाँकी रहेको रकमलाई लाभग्राहीको काम गरेको दिनको हाजिरी र कामको परिमाणबाट आउने रकमलाई भाग गरि प्रति दिन बराबरको ज्याला निकाली जम्मा लाभग्राहीको काम गरेको दिनलाई गुणन गरि अदक्ष र दक्ष ज्याला स्थानीय तहबाट सिधै बैंक मार्फत लाभग्राहीको खातमा जम्मा गरिनेछ र सो को जानकारी लाभग्राहीलाई दिईने छ।

६. २३. आयोजना हस्तान्तरणः आयोजनाको दिगोरुपमा संचालन तथा व्यवस्थापन गर्नका लागि स्थानीय समुदायलाई स्थानीय सरकार वा वडाको रोवहरमा आयोजना वडाको पुरा स्वामित्व रहनेगरि हस्तान्तरण गरिनु पर्दछ। उक्त बैठकका लागि उपभोक्ता समिति तथा वडा कार्यालयले कम्तीमा ३ दिन अगावै बैठकका लागि स्थानीय लाभग्राही तथा सरोकारवाला निकायहरुलाई खबर वा पत्राचार गरेको हुनु पर्नेछ। यसरी सबै सरोकारवाला तथा लाभग्राहीको सहभागितामा आयोजनाको हस्तान्तरण गर्दा समुदाय तथा सरकारको बढि अपनत्व ल्याउँछ।

**"समाप्त"**